`

# कुशे गाउँपालिका

## थर्पु भार्मा, जाजरकोट

## आर्थिक वर्ष २०८३/०८४

## बजेट

२०८३ साल असाढ १०

# कुशे गाउँपालिकाको आ.ब. २०८३/०८४ को बजेट वक्तब्य

**गाउँ सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

नेपालको संविधान, प्रचलित संघीय र प्रदेश कानून, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य, हाल सम्मका कार्यक्रमहरुबाट भएको अनुभव, विगत तथा यस बर्षहरुका नीति तथा कार्यक्रमहरुलाई मार्गदर्शनको रुपमा लिदै संविधानको धारा २३२ भएको व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तह वीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अबलम्बन गर्दै जन सहभागीता, उतरदायित्व र पारदर्शिता सुनिश्चित गरी गुणस्तरीय र दिगो विकास एबं आधुनिक कृषि मार्फत कामका अबसरहरु प्रदान गरी जनतामा राहतको अनुभूति दिलाउन तथा सामाजिक समानता कायम गर्ने अवसर, दायित्व र चुनौति हामि समक्ष रहेको छ ।आम कुशे बासीको चाहाना र अपेक्षाको आधारमा पालिकाको सुशासन विकास र समृद्धिको खाका तयार गरी यस सम्मानित गाउँ सभामा आर्थिक बर्ष २०८३।०८४ को बजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

बजेट प्रस्तुत गर्दै गर्दा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलन तथा पछिल्लो समय जेन्जी विद्रोह लगायतका विद्रोहमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिद प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै मेरो क्षमताले भ्याएसम्म कुशेको समग्र विकासको भाग्य रेखा कोर्नका लागि अहोरात्र खटि व्यक्तिगत जिवनका सम्पूर्ण कामहरु थाती राखी विकास निर्माण र जनताको काममा खटि रहेको र बाँकी जीवनभर पनि खटिरहने छु । सिमित स्रोत, साधन असिमित आवश्यकताका बाबजुत पनि बजेट सिमा निर्धारण समितिबाट प्राप्त सिमाको परिधिभित्र रही जनप्रतिनिधि तथा आम नागरिकका ईच्छा आकांक्षा अनुरुप हुने गरी आगामी आर्थिक वर्षको वजेट प्रस्तुत गरेको छु।

देश संघीय संरचनामा गैसकेपछी जनताको घर आगनको सरकारसँग आफ्ना आवश्यकता, चाहानाहरु सजिलै संग राख्न सक्ने अवस्था सिर्जना भएको छ, जुन सबैका लागि सुःखद पक्ष हो । कुशेमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै सम्भावनाहरु हामीसँग छन।जल, जमिन, जङगल, खनिज, जडिवुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा गाउँपालिकाले विकासका सम्भावनाहरुलाई मुर्तरुप दिन सकिन्छ भन्ने विश्वास लिएको छु । उक्त सन्दर्भलाई आत्मसाथ गर्दै भावि कार्यदिशा, गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग र आवश्यकता बमोजिम बजेट विनियोजन गरिएको व्यहोरा यस सभा समक्ष अवगत गर्न चाहन्छु ।

**सभा अध्यक्ष एवं सभाका सदस्य ज्यूहरु,**

अव म यस कुशे गाउँपालिकाको आ.व. २०८१।०८२ को संक्षिप्त आय र व्यय प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**आय तर्फ**

| आय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शीर्षक | प्रस्तावित आय | बास्तविक आय | आम्दानी % |
| १ | **संघीय सरकार** | **३६,२९,९४,०००** | **३१,४१,१२,१७०.१०** | **८६** |
| | समानिकरण अनुदान | ८,६५,००,००० | ७,९३,७२,४०० | ९१ |
| | शर्सत अनुदान चालू | २४,५७,९४,००० | २१,८५,६३,८९९.९२ | ८८ |
| | शसर्त अनुदान पूँजिगत | ६२,००,००० | ३९,४०,००० | ६३ |
| | विशेष अनुदान चालू | १,४०,००,००० | १,२२,३५,७८९.१८ | ८७ |
| | समपुरक अनुदान पूँजिगत | १,०५,००,००० | ० | ० |
| २ | **प्रदेश सरकार** | **५,६३,१६,०००** | **४,१९,२८,१८५.७८** | **७४** |
| | समानिकरण अनुदान | ९३,०३,००० | ९३,०३,००० | १००.०० |
| | शसर्त अनुदान चालू | २१,१३,००० | २१,११,८२५ | ९९ |
| | शसर्त अनुदान पूँजिगत | २,२२,००,००० | २,१९,२९,४८२।७८ | ९८ |
| | विशेष अनुदान चालू | १,३०,००,००० | ८५,८३,८६८ | ६६ |
| | समपुरक अनुदान पूँजिगत | ९७,००,००० | ० | ० |
| २ | **राजस्व बाँडफाँड** | **१०,६१,७५,५९७** | **९,८६,०२,८०८.५९** | **८९** |
| | राजस्व बाँडफाँड बाट प्राप्त सवारी साधन कर (प्रदेश) | १३,००,००० | ९,००,४४२।६० | ८४ |
| | राजस्व बाँडफाँड बाट प्राप्त घरजग्गा रजिष्टेशन कर (मालपोत) | १,७५,५९७ | २,८३,३४३. ४० | १६१ |
| | राजस्व बाँडफाँड बाट प्राप्त मूल्य अभि बृद्धि कर (संघ) | ७,६८,०२,८३८ | ६,५२,४९,९२२.९९ | ६९ |
| | राजस्व बाँडफाँड बाट प्राप्त अन्त शुल्क (संघ) | २,७८,९७,१६२ | २,८१,६९,०९९.६० | ८८.८९ |
| | राजस्व बाँडफाँड बाट प्राप्त बन रोयल्टि (संघ) | ० | ० | ० |
| ३ | **अल्या रकम समेत आन्तरिक स्रोत** | **२,१८,३३,८०३.८२** | **२,१५,१२,२६२.०२** | **९८** |
| | **जम्मा** | **५४,७३,१९,४००.८२** | **४७,२१,५५,४१६.४९** | **८६** |

व्यय तर्फ

| **व्यय** | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **शिर्षक** | **बार्षिक बजेट** | **वास्तविक खर्च** | **खर्च %** |

| | | | | |
|---|---|---|---|---|
| | चालू खर्च | ३८,६४,६२,७९७.०० | ३४,२७,८४,३३४ | ८८ |
| | पूँजिगत खर्च | १६,०८,४९,६०३ | ११,९३,२०,३२५ | ७४ |
| **जम्मा** | | **५४,७३,१९,४००** | **४६,२१,०४,६५९** | **८४** |

**सभा अध्यक्ष एवं सभाका सदस्य ज्यूहरु,**

अव म यस कुशे गाउँपालिकाको आ.व. २०८२।०८३ को संक्षिप्त आय र संशोधित व्यय प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**आय तर्फ**

| आय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | कैफियत |
| **१** | **संघीय सरकार** | **३७,५२,००००००** | **३४,३५,३९,०२३** | |
| | समानिकरण अनुदान | ९,३५,००,००० | ८,५५,०५,७५० | |
| | शर्सत अनुदान चालू | २४,९४,०००००० | २४,८०,३७,५०० | |
| | शसर्त अनुदान पूँजिगत | २६,००,००० | २६,००,००० | |
| | विशेष अनुदान चालू | १,६५,००,००० | ७३,८५,७७३ | |
| | समपुरक अनुदान पूँजिगत | १,३२,००,००० | ० | |
| २ | **प्रदेश सरकार** | **८,७२,०३,०००** | **८,३५,०७,७५०** | |
| | समानिकरण अनुदान | १,१०,२२,००० | १,१०,२२,००० | |
| | शसर्त अनुदान चालू | १,४७,८१,००० | १,४७,८१,००० | |
| | शसर्त अनुदान पूँजिगत | १,३५,००,००० | १,३५,००,००० | |
| | विशेष अनुदान चालू | १,५२,००,००० | १,५२,००,००० | |
| | समपुरक अनुदान पूँजिगत | ३,२७,००,००० | ३,२७,००,००० | |
| २ | **राजस्व बाँडफाँड** | **११,८०,२१,०१०.१८** | **९,९९,९१,००** | |
| | राजस्व बाँडफाँड बाट प्राप्त सवारी साधन कर (प्रदेश) | १८,२२,७२२।१८ | १५,८३,४१६ | |
| | राजस्व बाँडफाँड बाट प्राप्त घरजग्गा रजिष्ट्रेशन कर (मालपोत) | ० | ० | |
| | राजस्व बाँडफाँड बाट प्राप्त मूल्य अभि बृद्धि कर (संघ) | ८,७१,४८,७१६ | ६,७६,४५,८५३ | |
| | राजस्व बाँडफाँड बाट प्राप्त अन्त शुल्क (संघ) | २,९०,४९,५७२ | ३,०७,६१,७३४ | |
| | राजस्व बाँडफाँड बाट प्राप्त बन रोयल्टि (संघ) | ० | ० | |
| ३ | **अल्या रकम समेत आन्तरिक स्रोत** | **३,७८,५७,०००** | **१,०७,०४,८३४** | |
| **जम्मा** | | **६१,८२,८१,०१०.१८** | **५३,७७,३२,६१२** | **८६%** |

व्यय तर्फ अनुमानित खर्च

| व्यय | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **शिर्षक** | **बार्षिक बजेट** | **अनुमानित खर्च** | **खर्च प्रतिशत** |
| | चालू खर्च | ३८,००,५३,०००.०० | ३२,३०,४५,०५५ | ८५ |
| | पूँजिगत खर्च | २३,८२,२८,०१०.१८ | १७,८६,७१,००७ | ७५ |
| **जम्मा** | | **६१,८२,८१,०१०.१८** | **५०,१७,१६,०६२** | **८१** |

**सभा अध्यक्ष एवं सभाका सदस्य ज्यूहरु,**

अव म यस कुशे गाउँपालिकाको आ.व. २०८२।०८३ को विभिन्न विषय क्षेत्रहरुमा विनियोजन गरेको बजेटको प्रगति विवरण प्रस्तुत गर्न अनुमती चाहान्छु ।

**(क) आर्थिक विकास :**

१) आन्तरिक आय तर्फ :

१. आन्तरिक आय वृद्धि गर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरेको छ ।

२. करको दर भन्दा करको दायरा वढाउने नीतिलाई प्राथमिकताका साथ अगाडी वढाईएको छ

३. कर संकलन कार्यलाई पारदर्शि र व्यवस्थित बनाउन सुत्र प्रणाली मार्फत कर संकलन कार्यमा जोड दिईएको छ ।

२) कृषि तर्फ

१. किसानहरुको आयमा उच्चतम बृद्धि गर्न मौसमि तथा बेमौसमि विउँ खरिद गरी १ हजार जना कृषकहरुलाई सिटकिट वितरण गरिएको छ ।

२. च्याउको बढ्दो मागलाई मध्यनजर गर्दै आवश्यकतामा आधारित च्याउको विउँ खरिद गरी वितरण गर्ने कार्य सम्पन्न गरिएको छ।

३. नगदे बालिकाको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न बगैचा सुधार कार्यक्रम अन्तर्गत विरुवालाई आवश्यक पर्ने पेस्ट वितरण कार्य सम्पन्न गरिएको छ ।

४. ७ सय ४९ जना कृषक घरधुरीबाट कृषि तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको छ ।

**३) पशु विकास तर्फ :**

१. पशु स्वास्थ्य उपचार औषधि खरीद अन्तर्गत मेडिकल उपचार गाइनोलोजिकल उपचार, माईनर, सर्जिकल उपचार, क्यस्ट्रेशन आदि सेवाहरुबाट ४० हजार पशुपन्छीहरुलाई औषधि उपचार प्रदान गरिएको छ ।

२. रेविज नियन्त्रण गर्न रेविज खोप कार्यक्रम अन्तर्गत २००० डोज खरिद गरि कुशे गाउँपालिका भित्रका छाडा तथा घरपालुवा कुकुर र विरालोहरुमा लगाईएको छ।

३. भेडाबाख्रामा हुने सम्भावित महामारी रोग नियन्त्रण गर्न राष्ट्रिय पि पि आर खोप कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट हस्तान्तरित २१ हजार ५ सय डोज भ्याक्सिन लगाईएको छ।

४. वडा नं ७ र वडा नं ३ मा १ दिने निशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम संचालन गरी १ हजार ५०० सय भन्दा बढि पशुपन्छीमा लाग्ने रोग नियन्त्रणको लागि औषधि वितरण तथा उपचार सेवा प्रदान साथै बाझोपन निवारण शिविर वडा नं ५मा सञ्चालन गरिएकोमा १ हजार २ दुई सय पशुहरुलाई उपचार साथ औषधि वितरण कार्य सम्पन्न गरिएको थियो ।

**ख) सामाजिक विकास**

**१) शिक्षा तर्फ :**

१. गाउँ शिक्षा प्रणालीलाई गुणस्तरिय र प्रभावकारी बनाउन गाउँ कक्षा ६-८ को स्थानीय पाठयपुस्तक निर्माण गरी वितरण गरिएको छ।

२. विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि ४ वटा विद्यालयलाई विज्ञान प्रयोगशाला सामाग्री वितरण र ४ विद्यालयलाई पुस्तकालय प्रयोगशाला र ४ वटा विद्यालयमा ICT को व्यवस्था वितरण गरिएको छ।

३. कक्षा ५ परिक्षा वडागत रुपमा र कक्षा ८ को परिक्षा पालिका स्तरमा सञ्चालन गरी व्यवस्थित गरिएको छ ।

४. आधारभूत तह कक्षा ८ को परिक्षा पालिकास्तरिय रुपमा सञ्चालन तथा व्यवस्थापन गरी सम्पन्न गरियो छ ।

५. कक्षा १-३ को शिक्षण सिकाई तथा थप गणितय सामग्री खरिद गरि विद्यालयमा वितरण गरिएको छ ।

६. दलित उत्कृष्ट बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको थियो ।

७. विद्यालयको सूचना तथा सञ्चारलाई व्यवस्थित बनाउन १५ वटा विद्यालयलाई डेस्टप, ल्यापटप, प्रिन्टर खरिद सम्पन्न भई  यस आ.ब. भित्रै वितरण गरिनेछ ।

**२) स्वास्थ्य तर्फ :**

१. यस गाउँपालिकाको सुत्केरी महिलाहरुको स्वास्थ्य अवस्थालाइ मध्यनजर गर्दै सुरक्षित सुत्केरी गराउनको लागी कुशे गाउँपालिका वडा नं ७ वर्थिङ्गसेन्टर स्थापन गरि संचालनमा ल्याईएको छ।

२. स्वास्थ्य चौकि अर्छानी र पैकमा कुशे गाउँपालिका स्वास्थ्य शाखाको समन्वय र स्वास्थ्य सेवा कार्यालय जाजरकोटको आर्थिक तथा प्राविधिक सहयोगमा ४ दिने सुरक्षित मातृत्व सम्बन्धी One Site Coaching कार्यक्रम समपन्न गरिएको ।

३. यस पालिकामा संचालित स्वास्थ्य चौकी तथा आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरुमा औषधिको अभाव हुन नदिन समयमै ९८ प्रकारका निशुल्क रुपमा वितरण गरिने औषधिहरु प्रयाप्त व्यवस्था गरिएको छ ।

४. कुशे गाउँपालिकाको आयोजनामा स्वास्थ्य सेवा कार्यालय जाजरकोटको प्राविधिक सहयोगमा विशेषज्ञ चिकित्सकद्धारा घरंगा स्वास्थ्य चौकीमा निशुल्क स्वास्थ्य परीक्षण शिविर संचालन गरिएको छ ।

५. कुशे गाउँपालिका वडा नं ६ को घरंगा स्वास्थ्य चौंकिमा निशुल्क स्थायी वन्ध्याकरण सिविर सम्पन्न गरिएको छ ।

६. यस पालिका भित्र रहेका ४ वटा स्वास्थ्य चौकिहरुमा ग्रामिण अल्ट्रासाउण्ड क्याम्पिङ तथा ५ वटा स्वास्थ्य चौकीमा नियमित ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सम्पन्न गरिएको छ ।

**३) महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ :**

१. कुशे गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा जाजरकोट आर्थिक सहयोगमा ५ वटा स्थानमा आँखा परिक्षण छनौट कार्यक्रम संचालन गरि उक्त कार्यक्रम बाट ८६८ जना स्वास्थ्य परिक्षण गराएका मध्ये १०२ जनालाई मोतिविन्दु शल्यक्रिया गरिनुका साथै शारिरीक रुपमा अपाङ्गता भएका ११ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

२. कुशे गाउँपालिकाको विभिन्न वडाहरुमा उच्च जोखिम अवस्थामा रहेका ३८६ जना बालबालिकाहरुलाई CPIMS मा दर्ता गरिएको छ ।

**४) न्यायीक तर्फ :**

१. न्यायीक समितिमा पर्न आएको उजुरी उपर स्वच्छ, निस्पक्ष, छिटो, छरितो रुपमा मेल मिलापको माध्यमबाट न्याय सम्पादन गरिएको छ।

**५) उद्यम विकास तर्फ**

१. वडा नं १ मा मुढा बुनाई तथा सजावटका सामग्री निर्माण गर्ने तालिम सञ्चालन गरिएको छ ।

२. वडा नं ५ मा दलित विपन्न महिलाहरुलाई सिलाईकटाई सम्बन्धी तालिम सञ्चालन गरिएको छ

३. पालिका भित्रका आरन व्यवसायीलाई प्रविधि कार्य हस्तान्तरण गरिएको छ ।

**६) राहत तथा उद्धार तर्फ :**

१. पालिकामा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसकेका सुत्केरी तथा विरामीहरुलाई तत्काल हवाई तथा स्थल मार्गबाट उद्धार गर्ने कार्य गरिएको छ ।

२. असहाय विपन्न नागरिकहरुको जटिल रोग नियन्त्रणको लागि आर्थिक सहायता प्रदान गर्ने गरिएको छ ।

**७) मुख्यमन्त्री तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तर्फ**

१. यस पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६ वटा वडाहरुमा कृषिमा आधारित रोजगार कार्यक्रम सञ्चालन गरिएको छ ।

२. श्रमको सम्मान राष्ट्रको अभियानलाई सार्थक बनाउन सवै वडामा कार्यक्रम सम्पन्न गरिएको छ

**ग) पूर्वाधार विकास तर्फ :**

१. सुरक्षित भरपर्दो र नियमित यातायात संचालन गर्न गाउँपालिका भित्रका प्रमुख सडकहरुमा सडकको स्तरोउन्नती गरिएको छ ।

२. सार्वजनिक सेवा प्रवाहलाई सहज वनाउनको लागि गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुको भवनहरुको निर्माण कार्यलाई प्राथमिकता दिइएको छ।

३. गाउँपालिका र जलवायु परियोजना स्थानीय अनुकुलन परियोजना (LACC) परियोजनाको साझेदारीमा जलवायु अनुकुलन कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

४. नदि कटान तथा भूक्षयको जोखिममा रहेका विभिन्न स्थानहरुको पहिचान गरि सुरक्षाको लागि विभिन्न आयोजनाहरु निर्माण गरिएको छ ।

५. विद्यालयमा भौतिक पूर्वाधारको विकास विस्तार गर्न विद्यालयको भवन निर्माण, फिल्ड, घेरावार, शौचालय तथा खानेपानी आयोजना निर्माणमा तीव्रता दिईएको छ।

**सभा अध्यक्ष तथा सभा सदस्य ज्यूहरु**

अब म यस कुशे गाउँपालिकाको आ.ब. २०८३/०८४ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**वजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरेको छु ।**

१. नागरिकका मौलिक हक र मानव अधिकार शिघ्र परिपुर्ति गर्दै जीवनस्तरमा गुणात्मक सुधार गर्ने,

२. उपलब्ध स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायोचित वितरण गर्ने,

३. दिगो र प्रतिफलमुखी भौतिक पूर्वाधार निर्माण गर्ने ।

४. गुणस्तरिय सार्वजनिक सेवा र सुशासन प्रर्वद्धन गर्ने ।

माथि उल्लेखित बजेटका उद्देश्यहरु हासिल गर्न देहायअनुसार प्राथमिकता निर्धारण गरेको छु ।

१. गरिवी अन्त्य र पिछडिएका क्षेत्र वर्ग र समुदायको उत्थान गर्दै सामाजिक सुरक्षा विस्तार सहित लोक कल्याणकारी राज्य व्यवस्था निर्माणमा सहयोग ।

२. गुणस्तरिय पूर्वाधार निर्माण लगानी गर्ने ।

३. उद्यमशिलता प्रबर्द्धन, उत्पादन र रोजगारी सिर्जना गर्ने ।

४. समावेशी र सन्तुलित विकास गर्ने ।

५. जलवायु अनुकूल कृषि प्रणालीका माध्यमबाट कृषी क्षेत्रको व्यावसायिकरण र आधुनिकरणल गर्ने ।

६. जनमुखी सेवा र शासकीय सुधारमा जोड दिने ।

**आगामी आर्थिक वर्षका लागि कूल ६२ करोड, १२ लाख २७ हजार बजेट प्रस्तुत गरेको छु । जस मध्ये आयका श्रोत यस प्रकार रहेका छन ।**

१. संघीय सरकार बाट प्राप्त अनुदान

क) बित्तीय समानीकरण तर्फ रु ९ करोड, ४८ लाख

ख) शर्सत अनुदान तर्फ चालु रु २५ करोड, १ लाख

ग) शसर्त अनुदान पूँजीगत तर्फ रु ० लाख

घ) राजस्व वाडँफाड तर्फ रु १२ करोड ६ लाख ३३ हजार

ङ) विशेष अनुदान तर्फ रु ०

च) समपुरक अनुदान तर्फ रु १ करोड ६९ लाख

## २. प्रदेश सरकार बाट प्राप्त अनुदान

क) बित्तीय समानीकरण रु १ करोड १५ लाख, ८७ हजार

ख) सशर्त अनुदान पुँजिगत रु ३ करोड ५५ लाख

घ) विशेष अनुदान रु ९५ लाख

ङ) समपुरक अनुदान रु ३ करोड ६१ लाख

च) प्रदेश राजस्व बाँडफाँड रु १८ लाख

छ सशर्त अनुदान चालु रु १ करोड ७३ लाख ७ हजार

**३.आन्तरिक आम्दानी**

क) आन्तरीक राजस्व अनुमानित रु २० लाख

ख) गत वर्षको अल्या अनुमानित रु २ करोड ५० लाख

**आदरणीय गाउँ सभाका अध्यक्ष, तथा सदस्यज्यूहरु**

अब म आ.व. २०८३।०८४ मा हुने सम्पूर्ण व्यय तर्फको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु, ।

१) चालु तर्फः

अनुसूचि ३ बमोजिमका शिर्षकहरुमा रहेर गाउँपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुको वार्षिक चालु प्रकृतिका सम्पूर्ण खर्च, कर्मचारी र पदाधिकारीहरुको पारिश्रमिक, सेवा सुविधा तथा उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माणका लागि रु ११ करोड ९५ लाख २० हजार विनियोजन गरेको छु ।

२) शर्शत अनुदान तर्फको खर्चः

यस गाउँपालिका भित्र समाहित भएका शिक्षक तथा स्वास्थ्य कर्मीहरुको तलव भत्ता तथा अन्य सुविधाहरुको व्यवस्थापन गर्न संघीय सरकारवाट प्राप्त सर्शत अनुदान चालु एकमुष्ट रु २५ करोड १ लाख समावेश गरेको छु ।

संंघीय सरकारसंग विभिन्न शिर्षकमा माग गरिएका योजनाहरुको एकमुष्ट प्राप्त भएको समपुरक अनुदान रु १ करोड ६९ लाख समावेश गरेको छु ।

**३) प्रदेश विशेष, समपुरक र सशर्त अनुदान**

कर्णाली प्रदेश सरकारसंग विभिन्न शिर्षकमा माग गरिएका योजनाहरुको एकमुष्ट प्राप्त भएको विशेष अनुदान रु ९५ लाख, समपुरक अनुदान रु ३ करोड ६१ लाख र शसर्त अनुदान रु ५ करोड २८ लाख ०७ हजार गरी एकमुष्ट ९ करोड ८४ लाख ७ हजार समावेश गरेको छु ।

**४) सार्वजनिक निर्माण खर्च :**

यस कुशे गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि सम्पूर्ण क्षेत्रमा बाँडफाँड गरेको रकमलाई सार्वजनिक निर्माण खर्च अन्तर्गत राखिएको छ । यस शिर्षकमा रु १३ करोड ६३ लाख विनियोजन गरेको छु ।

**श्रद्धेय सभा अध्यक्ष तथा गाउँ सभाका सदस्य ज्यूहरु**

अव म सार्वजनिक निर्माण अन्तर्गत विनियोजन गरेको कुल रकमलाई अनुसूचि ५ बमोजिमको शिर्षकमा राखी छुट्टा छुट्टै शिर्षकमा विनियोजन गरेको रकम प्रस्तुत गर्न चाहान्छु ।

**क) आर्थिक विकास**

विकास र समृद्धिको यात्रामा अर्थ क्षेत्रको ठुलो महत्व रहन्छ । गरिवी घटाउन आर्थिक गतिविधि संचालन गर्न जनतालाई सम्पतिको मालिक बनाउन, कृषि, पशुपालन उद्योग वाणिज्य क्षेत्रलाई मजबुत र सुदृढ बनाउन हामी चाहान्छौं ।

तसर्थ आर्थिक विकास तर्फ कुल रु **१ करोड ४० लाख** विनियोजन गरेको छु ।

**ख) सामाजिक विकास**

सामाजिक क्षेत्रको विकासबाट कुशे गाउँपालिकाको समग्र विकास हुने भएकोले सामाजिक विकासमा विशेष जोड दिएको छु र विपद्को कारणले समस्यामा परेका समुदाय, व्यक्तिलाई आवश्यकता अनुसार बहुसाँस्कृतिक मनोपरामर्श तथा मनोसामाजिक कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक हिंसा वृहत यौनिकता शिक्षा तथा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम तथा भुकम्प प्रभावित न्यून आर्थिक अवस्था भएका महिलाहरुलाई सिप मुलक तालिम कार्यक्रमहरु संचालन गर्ने गरि व्यवस्था मिलाएको छु । सामाजिक विकास तर्फ कुल **रु ४ करोड** विनियोजन गरेको छु ।

**ग) पुर्वाधार विकास**

गाउँपालिकामा रहेका सडकहरुको विकास र दिगोपन ल्याई सुरक्षित समग्र विकासको लागि पुर्वाधार विकास तर्फ कुल **रु.५ करोड ६३ लाख** रुपैया विनियोजन गरेको छु ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

कुशे गाउँपालिकाको विपद् व्यवस्थापन तर्फ कुल **रु. १ करोड ९० लाख** विनियोजन गरेको छु

**ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन**

जनतालाई दिने सार्वजनिक सेवा प्रवाह चुस्त र दुरुस्त वनाउन सार्वजनिक सुनुवाई कायक्रम संचालन गरिने छ । समता, समानता, न्याय , सहभागिता, पारदर्शिता, अभिव्यक्ति स्वतन्त्रता तथा सार्वजनिक महत्वका विषयमा जनताले सूचना प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न कार्यालयले सम्पादन गरेका कार्य सार्वजनिक गर्न आवश्यक व्यवस्था मिलाइने छ । सेवाग्राहीमैत्री सेवा प्रवाह, क्षतिपूर्ति सहितको सेवा, जिम्मेवारी बोध सहितको सेवाको प्रत्याभूति गरिने छ । यिनै पक्षको सुदृढिकरणका लागि संस्थागत विकास सेवाप्रवाह र सुशासनतर्फ कुल **रु. ७० लाख** विनियोजन गरेको छु ।

यस गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको सेवाको सुरक्षाको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

**सभा अध्यक्ष तथा सभा सदस्यज्यूहरु**

माथि उल्लेख गरिएका सार्वजनिक निर्माण अन्तर्गत रहेका नितान्त प्राबिधिक विषय र खरिद गर्नुपर्ने सामग्री बाहेक सबैमा प्रत्येक सार्वजनिक निर्माण शिर्षकमा छुटयाईएको कुल रकमको १ प्रतिशत विपद्कोष र २ प्रतिशत कन्टेन्जेन्सी रकम र अन्य निर्माणमा ६ प्रतिशत, सडक तर्फ १५ प्रतिशत श्रमदान वा जनसहभागितालाई समेत वजेटमा समाहित गरेको छु । साथै संघीय सरकार ,प्रदेश सरकार र विश्व खाध्य कार्यक्रम,जलवायू परिवर्तन स्थानीय अनुकूलन LACC परियोजना, साहस नेपाल,परिलक्षित संस्था,टेक्सेस नेपाल तथा अन्य संघ संस्थासँगको साझेदारीमा योजना र कार्यक्रम संचालन गर्न समपुरक कोषमा विशेष जोड दिइनेछ ।

यस गाउँपालिकाको आफ्नो स्रोत साधनले गर्न नसक्ने योजना तथा कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग उचित पहल गरिनेछ ।

यो बजेट कुशेबासीको सकारात्मक सोच,जनप्रतिनिधीको साथ र राष्ट्रसेवक कर्मचारीहरुको लगावले कार्यान्वयन हुनेछ । जसको कार्यान्वयन बाट संस्थागत सुधार आयमा वृद्धि भई उन्नतिको पथमा कुशेले फड्को मार्नेमा विश्वास लिएको छु ।

प्रस्तावित कार्यक्रम बाट गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने बिश्वास लिएको छु।

**अन्तमा,**

प्रस्तुत गरिएको बजेटको कार्यान्वयनबाट नयाँ चरणको आर्थिक सुधार कार्यान्वयन हुनेछ । लामो समयदेखि पुँजिगत खर्चको परिचालनमा देखिएका अवरोध समाधान हुने र सार्वजनिक वित्त प्रणाली थप चुस्त भई सार्वजनिक खर्चको प्रभावकारिता बढ्ने अपेक्षा गरेको छु । निर्दिष्ट कार्यक्रम र निर्धारित कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी सामुहिक रुपमा कार्यान्वयन पद्धतिको परिचालनबाट बजेट तथा कार्यक्रममार्फत गाउँपालिकाले लिएका क्षेत्रगत नीतिहरुमा उल्लेख्य सुधार तथा गुणात्मक विकास भै समग्र पालिकाले विकासमा अग्रगामी छलाङ्ग मार्ने कुराको दृढ संकल्प साथ बजेट पेश गरिएको छ । यो बजेटको कार्यान्वयनबाट आर्थिक गतिविधिमा तिब्रता आउने र उत्पादन वृद्धि,रोजगार सृजना हुन गई दिगो फराकिलो एवं समावेशी आर्थिक विकास हुने कुराको विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा महत्वपूर्ण सल्लाह सुझाव, मार्गदर्शन र सहयोग प्रदान गर्नु हुने गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभा सदस्य, विषयगत समितिहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विषयगत शाखाका प्रमुख, साझेदार संस्था, गैसस, सञ्चारकर्मी, निजी क्षेत्र, सम्पूर्ण संघसस्था, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु लगायत सम्पूर्ण गाउँबासी दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद

**देविका कुमारी सिंह**
**उपाध्यक्ष तथा संयोजक**
**वजेट तथा कार्यक्रम तर्जुमा समिति**
**२०८३ असार १० गते**